१. जलस्रोत तथा मुहान दर्ता कार्यविधि सम्बन्धमा ।
२. करारमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा।
३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।
४. योजना तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धमा
५. विविध ।
   - अपाङ्ग समन्वय समिति पूनःगठन सम्बन्धमा।
   - मतदान स्थल र केन्द्र निर्धारण सम्बन्धमा।
   - लागत अनुमान स्विकृत सम्बन्धमा ।

**निर्णयहरू**

**१.** प्रस्ताव नं. १ माथी छलफल गर्दा धवलागिरी गाउँपालिका भित्रको भू-सतहमा वा भुमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषणमुक्त राखी समुचित प्रयोग गर्नु आवश्यक भएकोले नेपालको संविधानको धारा २२६ (१) अनुसूची ८ र स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ११ (प) ले दिएको अधिकार प्रयोग गरी **धवलागिरी गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८२** स्विकृत गर्ने निर्णय गरियो।

**२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्थ मन्त्रालयको च.नं. ११८ मिति २०८२।०६।०७ तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३ मिति २०८२।०६।०८ को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्ध पत्रमा उल्लेखित नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।०६।०५ मा भएको निर्णय अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने भनि निर्णय भएको हुँदा तपशिल बमोजिमका करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौता मिति २०८२/०७/२० देखि लागु हुने गरि रद्ध गर्ने निर्णय गरियो। तथा श्रेणीविहन कर्मचारीहरुको कुनै पनि पद दर्ता नभएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम श्रेणीविहिन पदहरुमा स्थायी पदपूर्ती नगरि सेवा करारमा मात्रै कर्मचारी राख्ने व्यवस्था रहेको र आवश्यकताको आधारमा सीमित कर्मचारी मात्रै कार्यालय सहयोगि तथा ह.स.चा. पदमा सेवा करारमा राखिएको हुँदा नीजहरुलाई निरन्तरता दिने निर्णय गरियो।

तपशिलः

**क.** सव-ईन्जिनियर श्री रोमी भण्डारी

**ख.** रोजगार सहायक श्री कुशल रसाइली

**ग.** सामाजिक परिचालक श्री तकमाया छन्त्याल

**घ.** सामाजिक परिचालक श्री सीता वि.क.

**ङ.** अध्यक्ष ज्यूको स्वकीय सचिव श्री यम बहादुर पुन

साथै गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत करार सेवाका कर्मचारीहरुको हकमा सरुवा भईसकेका स्थायी कर्मचारीहरुले रमाना लिए पश्चात भई रिक्त भएका तथा संघीय सशर्त कार्यक्रम अन्तर्गत सेवा करारमा राखु पर्ने पदहरुमा कर्मचारीहरुलाई व्यवस्थापन गरि स्वीकृत दरबन्दी भन्दा बढी हुने कर्मचारीहरुको करार सम्झौता रद्ध गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता देहाय बमोजिम हुने गरि निर्णय गरियो।

क. खेल मिति २०८२ कार्तिक २३ गते देखि कार्तिक २५ गतेसम्म ताकम मा.वि. ताकममा सञ्चालन गर्ने।

ख. पुरस्कार अन्तर्गतः प्रथम रु ६० हजार,द्धितिय रु ४० हजार र तृतीय रु ३० हजार प्रदान गर्ने।

ग. स्वर्ण पदक विजेता खेलाडी तथा उत्कृष्ट भलिवल टिमका खेलाडीहरुलाई प्रोत्साहन वापत रु १ हजार प्रदान गर्ने।

घ. उत्कृत मार्चपासलाई रु १० हजार प्रदान गर्ने।

ङ. सहभागी विद्यालयलाई व्यवस्थापन र यातायात खर्च वापत सहभागि विद्यार्थी संख्या र दुरीका आधारमा अधिकतम रु ५० हजार प्रदान गर्ने।

च. आयोजक विद्यालयलाई स्वयंसेवक परिचालन लगायतको लागि रु ६० हजार उपलब्ध गराउने ।

छ. अन्य व्यवस्थापकीय तथा सञ्चालन खर्चमा मितव्ययिता कायम हुने गरि खर्च गर्ने।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा चालु आ.व. २०८२/८३ को योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा रु १० लाख भन्दा बढि लागत अनुमान भएका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन नगरि प्रचलित खरिद कानून अनुसारको उपयुक्त खरिद विधि (सिलबन्दि दरभाउपत्र वा खुला बोलपत्र) मार्फत कार्यान्वयन गर्न तत्काल आवश्यक प्रक्रिया सुरु गर्ने। साथै

१० लाख भन्दा कमका उपभोक्ता समितिको समेत लागत सहभागिता हुने योजना कार्यान्वयन गर्न आमभेला मार्फत वडा कार्यालयहरुले नियमानुसार उपभोक्ता समित गठन गर्ने तथा प्राविधिक कर्मचारी परिचालन गरि लागत अनुमान तयार गर्ने कार्य तत्काल सुरु गरि २०८२ मंसिर २० गतेसम्म योजना सम्झौता सम्पन्न गर्ने निर्णय गरियो।

**५.** **विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।**

क. **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ को उपदफा** (२) तथा धवलागिरी गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको स्थानीय समन्वय समिति देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो।

- गाउँपालिका उपाध्यक्ष —संयोजक
- कार्यपालिका सदस्य श्री गंगा देवि पुन —सदस्य
- धन जनता मा.वि.का प्र.अ. श्री पूर्ण बहादुर भण्डारी - सदस्य
- स्वास्थ्य संस्था प्रतिनिधि श्री अनिशा आचार्य — सदस्य
- प्रहरी चौकी ताकमको प्रमुख —सदस्य
- अपाङ्गता सँग सम्बन्धित संस्थाको प्रतिनिधि श्री श्री राजेश भण्डारी-सदस्य
- अपाङ्ग प्रतिनिधि श्री सस्तमा पुन (९८६६६१०४६९) -सदस्य
- अपाङ्ग प्रतिनिधि श्री आनन वि.क. (९८४७२९३३८८) -सदस्य
- अपाङ्ग प्रतिनिधि श्री सविन खत्काथोकी —सदस्य
- सरकारी निकायको प्रतिनिधि श्री.. -सदस्य
- महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको शाखा प्रमुख —सदस्य सचिव

**ख.** यस गाउँपालिका अन्तर्गत हाल कायम रहेका मतदान स्थलहरु मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०८१ मा उल्लेखित आधार र मापदण्ड बमोजिम सार्नुपर्ने, गाम्भुपर्ने, फोडी नयाँ कायम गर्नुपर्ने, नाम र ठेगाना सार्नुपर्ने नभएका हुँदा सोही वेहोरा जिल्ला निर्वाचन कार्यालय म्याग्दीमा लेखि पठाउने निर्णय गरियो।

**ग.** लुलाङ गुर्जा सडकको लागि संघ सरकारबाट प्राप्त हुने समपुरक अनुदान वापतको रकम रु १ करोड ४० लाख र गाउँपालिकाबाट समपुरक कोषबाट रु ३५ लाख खर्च हुने गरि उक्त सडकको

जम्मा रु १ करोड ७५ लाख सहितको लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

**घ.** जनजागृती मा.वि. वडा नं ५ को पुनःनिर्माणको लागि गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने विषेश अनुदान रकम बाट भुक्तानी हुने गरि रु ४० लाख को लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।